# अध्ययन समीक्षण

(समालोचनात्मक लेखहरूको सङ्कलन)

सम्पादक : मेहेरमान सुब्बा

नेपाली साहित्य अध्ययन समिति,
कालेबुङ।

# अध्ययन समीक्षण

(समालोचनात्मक लेखहरूको सङ्कलन)

सम्पादक : मेहेरमान सुब्बा

प्रकाशक
बलभद्र शर्मा
मूल सचिव,
नेपाली साहित्य अध्ययन समिति
कालेबुङ।

अध्ययन समीक्षण
(समालोचनात्मक लेखहरूको सङ्कलन)

सम्पादक : मेहेरमान सुब्बा

प्रथम संस्करण : ५०० प्रति, २०२३
मूल्य : रू० २५०/-

प्रकाशक
बलभद्र शर्मा
मूल सचिव,
नेपाली साहित्य अध्ययन समिति,
कालेबुङ।

सर्वाधिकार : प्रकाशकमा सुरक्षित

मुद्रक : रोयल हिमालयन प्रिन्टिङ प्रेस।

Adhyayan Samikshan
A collection of Critical Writings
Published by : Nepali Sahitya Adhyayan Samity, Kalimpong.

ISBN:978-81-958837-0-7

# विषय-सूचि


| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| १. | भारतका नेपाली उपन्यासहरूमा आञ्चलिकताको सन्दर्भ | दिलकुमार प्रधान | ७ |
| २. | गुप्त प्रधानका कथाहरूमा अभिघात चेतना | राजकुमार छेत्री | ३४ |
| ३. | नाटककार शशि सुनामको ऊ जस्तै काली केटी नाटकमा व्यङ्ग्यात्मकता | दिलु दर्जी | ४८ |
| ४. | भारतमा नेपाली निबन्धको प्रारम्भ, विकास र प्रवृत्तिको रेखाङ्कन | नवीन पौड्याल | ६२ |
| ५. | दार्जिलिङका नेपाली एकाङ्की साहित्यमा 'जब पूर्व पश्चिम हुन्छ' एकाङ्कीको महत्त्व र स्थान | लक्ष्मण शेर्पा | ८५ |
| ६. | स्त्रीवादी उपन्यासको रूपमा पुष्प राईको मध्यान्तर: एक अध्ययन | महेश प्रधान | ९५ |
| ७. | खरसाङको नेपाली रङ्गमञ्चीय नाटकको परम्परामा पूर्ण गुरुङ 'निरुपम' र उनको 'बन्धकी राखिएको सिन्दूर' नाटकभित्र व्यवस्था चिन्तन: एक परिचर्चा | योगेश खाती | १०२ |
| ८. | औपनिवेशिक विमर्शका आधारमा असीत राईको 'चिरहरित चियाबारीको चित्कार' कथाको अध्ययन । | अमीर दर्जी | १२२ |

| क्र.सं. | विषय | लेखक | पृष्ठ |
|---|---|---|---|
| ९. | भारतमा नेपाली खण्डकाव्य लेखनको विकास र प्रवृत्ति | अनिलकुमार विश्वकर्मा | १३७ |
| १०. | निबन्धकार भानु अधिकारी र उनको मीठो स्वादयुक्त 'अङ्ग्रेजीको ललिपप' | सोनाम शेर्पा | १८१ |
| ११. | नियात्राकार सानु लामा | मेहेरमान सुब्बा | |
| १२. | प्रकाश कोविदका लोकप्रिय उपन्यासका इतिवृत्तात्मक व्याकरण | योगेश पन्त | १९५ |
| १४३ | कवि विचन्द्रका 'शून्य शून्य शून्य': एउटा पाठकीय अध्ययन | बिक्रम राई | २१६ |
| १४. | गिरीको बाँच्दो सान्दर्भिकता | धनबहादुर मगर | २२६ |

# दार्जिलिङ्का नेपाली एकाङ्की साहित्यमा जब पूर्व पश्चिम हुन्छ एकाङ्कीको महत्त्व र स्थान

-लक्ष्मण शेर्पा

**परिचय:**

एकाङ्कीको परिचय दिने क्रममा 'नाटक' शब्दलाई समेट्नु जरुरी देखिन्छ। संस्कृत भाषाबाट आएको तत्सम शब्द हो 'नाटक'। 'नाटक' शब्दको निर्माण 'नट' धातुमा 'अक' प्रत्यय लागेर बनेको हो। नाटक शब्दको अर्थ हो - रसाभिनय गर्नु। 'नाटक अभिनयमूलक र दृश्यात्मक विधा हो। दृश्यकाव्य मानिने नाटकलाई विभिन्न आधारमा विभाजन गर्न सकिन्छ। फलस्वरूप अङ्कको आधारमा नाटकलाई पूर्णाङ्की र एकाङ्की गरी दुई प्रकारमा विभाजन गरिन्छ। एकभन्दा बेसी अङ्क भएका नाटकलाई पूर्णाङ्की र एउटा मात्र अङ्क' भएकालाई एकाङ्की भनिन्छ। एकाङ्की शब्द 'एक'+ अङ्कीबाट निर्माण भएको हो। यसले अङ्ग्रेजीको one act play शब्दावलीसँग समानता राख्दछ। त्यसैले एउटा मात्र अङ्क' भएको नाट्यरचनालाई एकाङ्की भनिन्छ तर पूणाङ्कीको एउटा अङ्क भने एकाङ्की होइन। एकाङ्की पनि पूर्णाङ्कीझैं एक स्वतन्त्र साहित्यिक विधा हो। यसमा पनि पूर्णाङ्कीको झैं आफ्नै स्वतन्त्र सैद्धान्तिक मान्यता र सिद्धान्तहरू छन्। यसमा थोरै समयमा मानव जीवनको एउटा पूर्ण पक्षलाई प्रस्तुत गर्ने सामर्थ्य रहेको हुन्छ। त्यसैले एकाङ्की एउटा स्वतन्त्र

र लोकप्रिय विधा बन्न सक्षम बनेको छ।

**एकाङ्कीको स्वरूपः**

एकाङ्की विधा पाश्चात्य साहित्यमा नवीन विधा हो। १०औं शताव्दीमा प्रचलित मिराकल्स अथवा मोरलिटी जस्ता नाट्यरूपहरूसँग यो मिल्दा-जुल्दा देखिन्छन्। यस्ता नाट्यरूपहरू विशेष इसाई धर्म प्रचार-प्रसार गर्ने उद्देश्यले मञ्चन गरिन्थ्यो। यस्तै प्रकारले संस्कृत साहित्यमा पाइने रूपकका प्रहसन जस्ता भेद उपभेदहरू पनि एकाङ्कीझैं देखिन्छन्। यसरी १० औं शताव्दीतिर यस्ता एकाङ्कीका स्वरूपहरू देखिए तापनि समयको परिवर्तन सँगसँगै यसले पनि आफ्नो स्वरूप परिवर्तन गर्दै लग्यो। पाश्चात्य जगतमा प्रदर्शन गरिने मिराकल्स र मोरलिटी जस्ता नाट्यरूपहरूमा पनि परिवर्तन देखिन थाल्यो। यो धर्म प्रचार-प्रसारको उद्देश्यमा मात्र सीमित नरहेर यसले मनोरञ्जनको पनि उद्देश्य राख्न थाल्यो। विस्तारै यसले लामा-लामा नाटक प्रदर्शनको बिच र अन्तमा प्रदर्शन गर्ने मौका प्राप्त गर्यो, जसको फलस्वरूप नाटक मञ्चनको माझमा प्रदर्शन गरिने ससाना नाट्य स्वरूपलाई 'पटमध्यक' र अन्त्यमा प्रदर्शन गरिने नाट्य स्वरूपलाई 'पटक्षेपक' नामले चिनिन थाल्यो। यस्ता मध्यपटक र पटक्षेपकमा एकाङ्कीका मिल्दा-जुल्दा रूप विस्तारित हुँदै गयो र यसले जनमानसमा लोकप्रियता प्राप्त गर्दै गयो। त्यसताक युरोपमा औद्योगिक क्रान्ति अन्त भएपछि त्यहाँ सम्पूर्ण क्षेत्रमा द्रुत गतिमा विकास हुँदै गयो, फलस्वरूप त्यहांका मानिसहरू खुबै अस्तव्यस्त हुनथाल्यो अनि लामा-लामा नाटकहरू हेर्न समयको अभावले असमर्थ बन्न थाले। त्यसताक लामा नाटक प्रदर्शन गर्न अघि समयभन्दा केही अघि आउने दर्शकहरूका मनोरञ्जनको निम्ति 'इन्टरल्युट' जस्ता स-साना नाट्यखेलहरू प्रदर्शन गरिन्थ्यो। यस्ता नाट्यखेलहरूबाट त्यहांका मानिसहरू खुबै प्रभावित बन्दै गए। यी नाट्यखेलहरूले पछि भिक्टोरिया कालमा आएर कटेन रेजर तथा पटउन्नायक भनेर प्रचलित र लोकप्रिय बन्यो। कटेन रेजर विशेष मुख्य नाटक प्रारम्भ

हुन अघि मनोरञ्जनको निम्ति प्रदर्शन गरिने नाट्यखेल मात्र थियो तर पछि यसको लोकप्रियता अधिक बढेर गयो। फलस्वरूप त्यहाँका मानिसहरू मुख्य नाटक हेर्न छोडेर कटेन रेजर मात्र हेर्न आउन थाले। त्यहाँका नाट्यकर्मीहरूलाई यो चुनौतीपूर्ण भयो र कटेन रेजर बन्द गर्नुपर्ने अवस्थामा पुगे। तर कटेन रेजरले प्राप्त गरेको लोकप्रियताको कारणले यो बन्द नभएर यसका प्रदर्शनको निम्ति अलगै प्रेक्षागृहहरू तयार भयो र बेग्लै रूपमा प्रदर्शन हुनथाल्यो। यसरी आफ्नो स्वतन्त्र प्रेक्षागृह प्राप्त गरेपछि यसको लोकप्रियतामा अझ वृद्धि भयो औ विस्तारै यसले एकाङ्कीको स्वरूप प्राप्त गऱ्यो अनि साहित्य जगतमा एकाङ्की विधाको नाउँले प्रचलित भयो।

## दार्जिलिङ्का नेपाली एकाङ्की साहित्यमा 'जब पूर्व पश्चिम हुन्छ' एकाङ्कीको महत्त्व र स्थान

युरोपमा औद्योगिक क्रान्तिपछि साहित्यमा एकाङ्की विधाको आरम्भ भएझैं भारतमा पनि स्वाधिन्ता आन्दोलनको समयमा भारतीयहरू राजनैतिक क्षेत्र सँगसँगै साहित्यिक क्षेत्रमा पनि परिवर्तन ल्याउन अग्रसर भए। फलस्वरूप भारतीय साहित्यलाई स्वाधीन्ता सङ्ग्रामको प्रेरणास्रोत बनाउन थाले र साहित्यिक मञ्चको रूपमा दार्जिलिङ्का नेपाली एकाङ्की साहित्यले पनि विभिन्न सङ्घ संस्थाहरूको छत्रछायामा फस्टाउने मौका पायो। यस्ता सङ्घ संस्थाहरूमध्ये धनबीर मुखिया, जेम्स डन, हस्तलाल गिरी, पारसमणि प्रधान आदिको प्रयासमा गोर्खा नेशसनल थियेट्रिकल पार्टी, चिल्ड्रेन एम्युज्मेन्ट एसोसिएसन, हिमालयन एम्युज्मेन्ट एसोसिएसन, हिमालयन एन्ड ड्रामाटिक क्लब आदि प्रमुख छन्। यस्ता सङ्घ संस्थाहरूले एकाङ्की लेखन र प्रदर्शनलाई त्यसताक विस्तार गराउनमा महत्त्वपूर्ण भूमिका खेलेका छन्। सन् १९३२ मा दार्जिलिङ्मा 'गोर्खा दुःख निवारक सम्मेलन' भएपछि स्थापित अन्य ससाना संस्थाहरू यसै संस्थामा विलय भए। पछि यही संस्थाको छत्रछायामा दार्जिलिङ्का नेपाली एकाङ्की साहित्यले फस्टाउने र मौलाउने मौका प्राप्त गऱ्यो। सन् १९४७ मा भारत

स्वाधीन भए पश्चात् भारतीय साहित्यिक विधाहरू स्वतन्त्र बन्यो। मानव प्रवृत्ति सँगसँगै साहित्यिक लेखन र प्रवृत्तिमा पनि परिवर्तन आयो। फलस्वरूप दार्जिलिङका नेपाली एकाङ्की लेखनमा पनि नौला-नौला प्रवृत्तिहरू देखा पर्न थाल्यो। त्यसताक नेपाली एकाङ्की लेखनलाई विकासतर्फ अग्रसर गराउनमा खोजी, दियालो, भारती आदि जस्ता पत्रपत्रिकाहरूको योगदान अतिनै महत्त्वपूर्ण देखिन्छ। साथै एकाङ्की लेखनको विकास र विस्तार प्रक्रियालाई अघि बढाउनमा त्यसबेलाका सङ्घ संस्थाहरूमध्ये गोर्खा दुःख निवारक सम्मेलन, यङ्गम्यान बुद्धिस्ट एसोसिएसन, नाट्यकला निकेतन, गोर्खा पुस्तकालय आदिको उपलब्धि र भूमिका महत्त्वपूर्ण देखिन्छ।

भारतीय नेपाली एकाङ्की लेखन परम्पराको प्रारम्भ देहरादुनबाट सन् १९३२ मा प्रकाशित **एक अनुभविको आत्माभिमानबाट** भएको हो। त्यही दशकको सन् १९३९ मा कालिम्पोङ्बाट बाबु छद्मनामधारीको **जब पूर्व पश्चिम हुन्छ** नामक एकाङ्की प्रकाशित भयो। यो एकाङ्की नै दार्जिलिङ क्षेत्रका एकाङ्की लेखन परम्परामा प्रकाशन भएको पहिलो एकाङ्की हो। धेरै विद्वान्हरू माथिका दुई एकाङ्कीहरूलाई एकाङ्कीका प्रारूप मात्र मान्दछन्। तर यी एकाङ्कीहरूमा पाइने एकाङ्कीगत प्रवृति, शिल्प र समयसापेक्षताको आधारमा प्रस्तुत एकाङ्कीहरू नै प्रथम लहरका एकाङ्कीहरू हुन्। यस दृष्टिले बाबुद्वारा रचित 'जब पूर्व पश्चिम हुन्छ' दार्जिलिङ क्षेत्रका नेपाली एकाङ्की परम्परामा पहिलो एकाङ्की मान्नु आवश्यक छ। किनभने कुनै पनि विधाको ऐतिहासिक आधार तयार गर्दा कुनै कृतिको दुर्बल र प्रबल पक्षलाई निक्यौंल नगरेर त्यसको प्रारम्भको तथ्यलाई अघि राखिन्छ। साहित्य लेखन परम्परामा पछिल्ला समयका कृतिहरूले जतिसुकै स्तरीयता र सफलता प्राप्त गरे तापनि प्रारम्भिक कृतिहरूको ऐतिहासिक महत्त्वलाई अवहेलना गर्न उचित देखिँदैन। यही आधारमा बाबुद्वारा रचित **जब पूर्व पश्चिम हुन्छ** भन्ने एकाङ्की नै दार्जिलिङ क्षेत्रका नेपाली एकाङ्की परम्परामा सबैभन्दा पहिलो मौलिक प्रकाशित एकाङ्की र छद्मनाम नै भए तापनि बाबुलाई एकाङ्कीकार मान्न सकिन्छ।

यही आधारमा प्रस्तुत एकाङ्की प्रकाशन गाउँ सुधार पत्रिकाको महत्त्वपूर्ण भूमिकालाई पनि भुल्न सकिँदैन।

नेपाली एकाङ्की लेखन परम्परामा प्रारम्भिक कालदेखि नै दार्जिलिङ क्षेत्रको योगदान गरिमामय रहेको देखिन्छ। यो लेखन परम्परालाई विकास र विस्तार गर्न अग्रसर रहेका प्रमुख एकाङ्कीकार र एकाङ्कीहरूको विवरण यहाँ प्रस्तुत गर्ने कोसिस गरिन्छ। सन् १९३९ मा प्रकाशित 'जब पूर्व पश्चिम हुन्छ' एकाङ्कीले प्रारम्भ गरेको एकाङ्की लेखन प्रक्रियामा सर्वप्रथम टीकाराम शर्मा सन् १९४५ मा **दोस्ती** नामक एकाङ्की लिएर देखा पर्दछ। यस्तै प्रकारले सन् १९५० मा श्री ठग कालिम्पोङ नामक लेखकको 'इन्द्रसभाको एक दृश्य' प्रकाशित हुन्छ। यसपछि सन् १९५२ मा गनुसिंह गुरुङको सामाजिक धरातलमा आधारित **मसिनेको शंका** एकाङ्की प्रकाशित भएको पाइन्छ। यसमा सामाजिक व्यङ्ग्यसहित मनोविश्लेषण जस्ता प्रवृत्ति पनि उद्घाटन भएको पाउँदछौँ। एकाङ्की लेखन परम्परालाई अघि बढाउन अग्रसर रहेका जी छिरिङका दुईवटा एकाङ्की **रक्तसिन्दुर** र 'सानीमा' क्रमैले सन् १९६३ र सन् १९६४ मा प्रकाशित भएको पाइन्छ। यसै क्रमलाई अघि बढाउँदै सन् १९६३ मा अमल ब्यानर्जी र जगत छेत्रीको सामूहिक लेखनमा **तीर्थयात्रा** एकाङ्की सङ्ग्रह प्रकाशित भयो। सामूहिक लेखन र अनेपाली लेखकद्वारा रचना गरिएको यो पहिलो एकाङ्की हो। यसरी नै सन् १९६६ मा अमल ब्यानर्जीको 'एक झर्को पानी' र प्रकाश कोविदको **वासवदत्ता** प्रकाशित हुन्छ। यही क्रमलाई अघि बढाउँदै सन् १९७१ मा प्रसिद्ध एकाङ्कीकार रामलाल अधिकारीको **टीका पनि ब्यापार पनि** एकाङ्की सङ्ग्रह प्रकाशित भएको पाइन्छ। सन् १९९५ मा उनको **शंखघोष** नामक एकाङ्की सङ्ग्रह पनि प्रकाशित हुन्छ। उनको एकाङ्कीहरूमा सामाजिक समस्याहरूले उद्घाटन र हाँस्य-व्यङ्ग्य जस्ता प्रवृत्ति देखिन पाइन्छ। यसै अवधिमा दार्जिलिङका विशिष्ट एकाङ्कीकार मनबहादुर मुखियाको **अँध्यारोमा बाँच्नेहरू** एकाङ्की सङ्ग्रह सन् १९६२ मा प्रकाशित हुन्छ। उनका एकाङ्कीहरूमा सामाजिक प्रवृत्तिसहित राजनैतिक र

विसङ्गतिवादी प्रवृत्तिहरू पनि समावेश भएको देखिन्छ। एकाङ्की साहित्यलाई अघि बढाउने क्रममा इन्द्रबहादुर राईको **पुष्पमृत्यु** एकाङ्की सन् १९६३ मा नै प्रकाशित भइसकेको पाउँदछौं। यसपछि सन् १९७६ मा वरिष्ठ एकाङ्कीकार नन्द हाङखिमको **मृत्युदिवस** एकाङ्की सङ्ग्रह प्रकाशित भएको पाइन्छ। यस सङ्ग्रहका एकाङ्कीहरू बौद्धिकता र गम्भीरताका दृष्टिले प्रबल देखिन्छन्। यसरी दार्जिलिङका नेपाली एकाङ्की लेखन परम्परालाई अग्रसर गराउनमा अघि आउने अन्य एकाङ्कीकार र एकाङ्कीहरूमा आई के सिंह र उनको **चार एकाङ्की** (सन् १९८१), जगत छेत्री र उनको **हामीले माछा खायौं** (सन् १९९९), मनबहादुर गुरुङको 'पहाडदेखि मधेशसम्म' (सन् २००१), लक्ष्मण श्रीमलको 'वनदेवता' (सन् २००२), शरद छेत्रीको **समयभित्रको समयहरू** (सन् २००२), लक्ष्मण श्रीमलकै 'कर्फ्यू'(सन् २००३), राधिका राय र उनको **जीवनको इच्छा** (सन् २००३) आदि प्रमुख रहेका छन्।

दार्जिलिङ क्षेत्रमा प्रकाशित एकाङ्कीहरूले प्रायः सामाजिकता, सामाजिक यथार्थता, पारिवारिक समस्या, व्यक्तिगत समस्या, बौद्धिकता, हास्य-व्यङ्ग्यात्मकता, मनोविश्लेषणात्मकता आदि जस्ता प्रवृत्तिहरूलाई नै थरथार मात्रामा अँगालेका छन्। यी एकाङ्कीहरूमध्ये कुनैकुनै राजनैतिक, पौराणिक, र ऐतिहासिक परिपाटीमा पनि रचना भएको पाइन्छ। उपर्युक्त विभिन्न एकाङ्कीकारहरूद्वारा रचित विभिन्न प्रवृत्ति र ढाँचामा रचना भएका सम्पूर्ण एकाङ्कीहरू बाबुको 'जब पूर्व पश्चिम हुन्छ' एकाङ्कीले स्थापना गरेको एकाङ्की लेखनको घडेरीमा उभिएर नै यसलाई विस्तार गर्ने कार्यमा संलग्न भई दार्जिलिङका नेपाली एकाङ्की परम्परालाई प्रबल तुल्याएका छन्। अन्य साहित्यिक विधाहरूका तुलनामा नेपाली एकाङ्की विधा केही पछि प्रारम्भ भएको हो। समग्र रूपमा हेर्दा अधिक समालोचकहरू वि सं १९९९ मा प्रकाशित बालकृष्ण समको **बोक्सी** एकाङ्कीलाई पहिलो र त्यही वर्ष केही पछि प्रकाशित पुष्कर समसेरको **लक्ष्यहीन** एकाङ्कीलाई दोस्रो नेपाली एकाङ्की मान्दछन्। वास्तवमा यी दुई एकाङ्कीहरू भन्दा

पहिला नै भारतको देहरादुनबाट सन् १९३२ मा तरुण गोर्खा पत्रिकाको अङ्क-१, वर्ष-४ मा प्रकाशित एक अनुभविको आत्माभिमान र भारतकै कालिम्पोङबाट सन् १९३९ मा प्रकाशित गाउँ सुधार पत्रिकाको अङ्क-४, वर्ष-१ मा प्रकाशित बाबुको जब पूर्व पश्चिम हुन्छ एकाङ्कीहरूको प्रारम्भिकताको तथ्य अघिबाटै चर्चा गरिएको छ। प्रस्तुत एकाङ्कीहरूको ऐतिहासिक महत्त्व र उपलब्धिका सन्दर्भमा नेपाली एकाङ्कीका प्रारम्भिकताबारे पुनः विचार विमर्श गर्नुपर्ने कुरा नेपाली नाट्य समालोचना मा डा खगेन्द्रप्रसाद लुइटेलले राखेका छन्। यस सन्दर्भमा भन्नुपर्दा इतिहासकारहरूले भारतीय सभ्यताका इतिहास त्यहाँका जीवित सहर, वस्तु आदि देखेर होइन तर विघटन पछिका भग्नावशेष र नमुनाहरू परीक्षण र सत्यापन गरेर तयार पारेका हुन्। यस आधारमा बाबुद्वारा रचित जब पूर्व पश्चिम हुन्छ एकाङ्कीमा चाहे एकाङ्कीगत गुण, विशेषता र मान्यताहरू पूर्ण नरहे तापनि यस रचनालाई ऐतिहासिक महत्त्व प्रदान गरी दार्जिलिङका पहिलो प्रकाशित नेपाली एकाङ्की मात्र युक्तिसङ्गत देखिन्छ।

## 'जब पूर्व पश्चिम हुन्छ' एकाङ्कीको परिचयात्मक अध्ययन

**जब पूर्व पश्चिम हुन्छ** एकाङ्कीमा दोस्रो विश्वयुद्ध अघिको दार्जिलिङका नेपाली समाज र त्यस समाजमा प्रचलित रूढीवादी परम्पराको प्रभुत्त्व र मान्यतालाई एकाङ्कीकारले स्पष्ट रूपमा दर्साएका छन्। सामाजिक विषयवस्तु रहेका प्रस्तुत एकाङ्कीमा समाजको यथार्थता नै मुख्य प्रवृत्ति रहेको देखिन्छ। त्यसताकका नेपाली समाजमा व्याप्त जात-पात प्रथालाई एकाङ्कीमा उत्कृष्ट रूपमा प्रस्तुत गरी त्यस्ता प्रथा र मान्यतालाई शिक्षाको माध्यमले नै निर्मूल पार्न सकिन्छ भन्ने कुरा एकाङ्कीकारको विचार व्यावहारिक रहेका छन्। एकाङ्कीले रूढीवादी प्रथा र मान्यतालाई विरोध जनाउन एक अनेपाली (काश्मिरी) डाक्टरलाई मुख्य शिक्षित पात्रको रूपमा प्रस्तुत गरेका छन्। चित्रित पात्र डाक्टरले पनि एकाङ्कीमा आफ्नो जिम्मेवारी र भूमिका पूर्ण रूपमा पालन गरेको देखिन्छ। एकाङ्कीको

विषयवस्तुलाई विस्तारित गरी विकास र अन्तसम्म पुऱ्याउनको निम्ति जेठा भुजेल, जेठीकी आमा, मोटी आइमाई, कम्पाउन्डर जस्ता पात्र-पात्राहरू पनि एकाङ्कीमा आआफ्नो भूमिका र जिम्मेवारी लिएर प्रस्तुत भएका छन्। मुख्य चरित्र डाक्टरबाहेक एकाङ्कीका अन्य चरित्रहरू सामाजिक रूढीवादी प्रथाका सञ्जालमा फँसेका छन्। त्यसताकका रूढीवादी सञ्जालमा फँसिएका त्यस्ता चरित्रहरूलाई डाक्टर जस्ता पश्चिमी शिक्षाले शिक्षित भएका चरित्रका माध्यमद्वारा नै उन्मुक्त गर्न सकिन्छ भन्ने उद्देश्य रहेको प्रस्तुत एकाङ्कीमा शिक्षाकै जित भएको देखिन्छ।

एकाङ्कीमा प्रस्तुत भाषाशैली समय र चरित्र अनुरूप रहेका छन्। ग्रामीण क्षेत्रमा बोलिने ग्राम्य भाषाको प्रयोग सँगसँगै डाक्टर (शिक्षित) ले बोल्ने भाषा पनि पात्रानुरूप रहेको छ। एकाङ्कीमा हिन्दी र अङ्ग्रेजी भाषाका शब्दहरू पनि यत्रतत्र प्रयोग भएको देखिन्छ। यस्ता प्रयोगले एकाङ्कीलाई दुर्बल नबनाएर प्रबल र व्यवहारिक तुल्याएको देखिन्छ। एकाङ्कीमा प्रयुक्त संवादहरू सरल, स्पष्ट र पात्र-पात्रानुसार प्रयोग भएका छन्। शीर्षक सार्थकताका दृष्टिले **जब पूर्व पश्चिम हुन्छ** एकाङ्कीको शीर्षक अति नै सार्थक रहेको छ। एकाङ्कीको शीर्षकमा नै विषयवस्तुको प्रतीकात्मक सङ्केत देखिन्छ। एकाङ्कीको शीर्षकमा प्रयुक्त 'पूर्व' रूढीवादी पूर्वीय समाजको प्रतीक हो भने 'पश्चिम' शिक्षा र आधुनिकीकरणले आलोकित पश्चिमी समाज (देश) को प्रतीक हो। यस एकाङ्कीमा दोस्रो विश्वयुद्ध अघिको दार्जिलिङे नेपाली समाजलाई पाश्चात्य जगत्ले पारेको प्रभाव स्पष्ट रूपमा दर्साउन खोजेको देखिन्छ।

एउटै दृश्य (कास्योङ वस्तीको एउटा झुप्रो) मात्र दर्साइएको अनि एउटै अङ्कमा मात्र रचना भएको प्रस्तुत **जब पूर्व पश्चिम हुन्छ** एकाङ्की त्यसबेलाका भाषिक र साहित्यिक स्तरअनुसार स्वाभाविक नै देखिन्छ। एकाङ्कीगत मान्यता र विशेषताहरू पनि परिलक्षित भएकै पाइन्छ। समयको परिवर्तनसँगै पछि प्रकाशित एकाङ्कीहरूका तुलनामा समयसापेक्ष र उपयुक्त ठहर्न नसक्ला तर यस एकाङ्कीको उपलब्धि, प्रारम्भिकता तथा

ऐतिहासिक महत्त्वलाई मूल्याङ्कन गर्दा दार्जिलिङका नेपाली एकाङ्की लेखन परम्परामा यो अति नै महत्त्वपूर्ण र गरिमामय देखिन्छ।

निष्कर्षः

दार्जिलिङका नेपाली एकाङ्की लेखन परम्परालाई केलाएर हेर्दा सन् १९३९ मा कालिम्पोङबाट शेषमणि प्रधानको सम्पादनमा 'गाउँ सुधार पत्रिका' मा बाबु छद्म नामधारीको **जब पूर्व पश्चिम हुन्छ** एकाङ्की पहिलो प्रकाशित एकाङ्की हो। दोस्रो विश्वयुद्धकालीन विभिन्न समस्याहरूद्वारा ग्रसित भएको अवस्थामा प्रस्तुत एकाङ्कीलाई विद्वान्‌हरू एकाङ्कीको स्वरूप मात्र मात्र रूचाए तापनि यो एउटा नौलो साहित्यिक रचनाको रूपमा प्रकाशित हुनसक्नु दार्जिलिङका नेपाली साहित्यमा नै ऐतिहासिक उपलब्धि नै हो। विभिन्न विद्वान् तथा समालोचकहरूले यस एकाङ्कीका दुर्बल पक्षलाई मात्र प्रकाश पारी पूर्ण एकाङ्कीको रूपमा स्वीकार गर्न सहमत नरहे तापनि यसको ऐतिहासिक तथ्य र आधारलाई अपेक्षा गर्न सक्दिन। किनभने नेपाली साहित्य परम्परामा उत्कृष्ट र कोसेढुङ्गा मानिएका कतिपय कृतिहरू पनि वर्तमानमा आएर त्यसका उत्कृष्टतामाथि प्रश्न चिन्ह लाग्नु सम्भव देखिन्छ। यसै आधारमा बाबुद्वारा रचित **जब पूर्व पश्चिम हुन्छ** एकाङ्कीलाई पछि फर्किएर भए पनि दार्जिलिङका नेपाली एकाङ्की परम्परामा पहिलो प्रकाशित मौलिक एकाङ्कीका रूपमा स्वीकार गरी ऐतिहासिक महत्त्व प्रदान गर्न अनुचित नहोला।

सन्दर्भ सामग्री

१. असित राई - भारतीय नेपाली साहित्य विकासक्रम, नेपाली अकादमी, दार्जिलिङ, सन् १९८६
२. डा केशवप्रसाद उपाध्याय - नाटकको अध्ययन, साझा प्रकाशन, काठमाडौं, सन् १९९९
३. डा केशवप्रसाद उपाध्याय - नाटक र रङ्गमञ्च, रूमु प्रकाशन,

काठमाडौँ, सन् १९९५
४. डा केशवप्रसाद उपाध्याय र अन्य - नेपाली एकाङ्की, भाग-१, साझा प्रकाशन, काठमाडौँ, सन् १९९१
५. डा केशवप्रसाद उपाध्याय र अन्य - नेपाली एकाङ्की, भाग-२, साझा प्रकाशन, काठमाडौँ, सन् १९९२
६. डा केशवप्रसाद उपाध्याय र अन्य - नेपाली एकाङ्की, भाग-३, साझा प्रकाशन, काठमाडौँ, सन् १९९२
७. डा खगेन्द्रप्रसाद लुइटेल - नेपाली नाट्य समालोचना, पैरवी प्रकाशन, काठमाडौँ, सन् २०१०
८. डा. घनश्याम नेपाल - भूषण एकाङ्की सङ्ग्रह, नेपाली साहित्य प्रचार समिति, सिलगढी, सन् १९९५
९. पद्मा अर्याल - मनबहादुर मुखियाको नाट्यशिल्प, ने रा प्र प्र, काठमाडौँ, सन् २००१
१०. रामलाल अधिकारी - नेपाली एकाङ्की यात्रा, नेपाली साहित्य सञ्चयिका, दार्जिलिङ, सन् १९७७
११. लक्ष्मण श्रीमल, भारतीय नेपाली एकाङ्की, साहित्य अकादमी, नयाँ दिल्ली, सन् १९९६
१२. हिमांशु थापा - साहित्य परिचय, साझा प्रकाशन, काठमाडौँ, सन् १९९३।